# बैम्बू स्काफोल्डर
# स्किल्ड ट्रेड टेस्ट
# नमुना लिखित टेस्ट पेपर

此文件關於竹棚工工藝測試考題。如有需要索取此文件的中文版本，請致電 2100 9000與香港建造業工藝測試中心聯絡。

This document related to mock test paper of skilled trade test for Bamboo Scaffolder.

Should you require an English version of this document, please contact Hong Kong Construction Industry Trade Testing Centre at 2100 9000.

# डिस्क्लेमर

*CIC को लिखित अनुमतिबिना यस सामग्रीको कुनै पनि भागलाई कुनै पनि रूपमा वा कुनै पनि माध्यमबाट पुनरुत्पादन वा प्रसारित गर्न नपाइसक्छ । यस सामग्रीमा रहेका जानकारीले सत्यता सुनिश्चित गर्न उचित प्रयासहरू गरिएतापनि CIC ले पाठकहरूलाई सम्भव भएसम्म पेशासँग सम्बन्धित सल्लाहकारहरूसँग उपयुक्त स्वतन्त्र सल्लाह खोज्न प्रोत्साहन गर्छ र पाठकहरूले कुनै पनि सम्बद्ध कामहरू गर्दा यस सामग्रीलाई उक्त पेशासम्बन्धी सल्लाहको विकल्पको रूपमा लिनु वा निर्भर पर्नु हुँदैन ।*

# सोधपुछहरू

यस सामग्रीको सम्बन्धमा भएका सोधपुछहरू हङकङ कन्स्ट्रक्सन इन्डस्ट्री ट्रेड टेस्टिङ सेन्टरलाई निम्न ठेगानामा सोध्न सकिन्छ:


| | |
|---|---|
| 95, Yue Kwong Road | ९५ यु कोङ्ग रोड |
| Aberdeen | एबरडीन |
| Hong Kong | होंगकोङ्ग |

| | |
|---|---|
| फोन नम्बर | : (852) 2100 9000 |
| फ्याक्स नम्बर | : (852) 2100 9090 |
| इमेल | : enquiry@cic.hk |
| वेबसाइट | : www.cic.hk |


©२०२० कन्स्ट्रक्सन इन्डस्ट्रि काउन्सिल

1. तल दिइएका शब्दावलीहरू मध्ये कुन चाहीं बाँसको (ब्याम्बु) स्काफोल्डमा हरिजोन्टल मेम्बर होइन ?

(a) ट्रान्जम (transom)
(b) स्ट्यान्डर्ड (standard)
(c) प्लान ब्रेस (plan brace)
(d) लेजर (ledger)

2. गार्डरेलको रुपमा प्रयोग गर्न बाँसको स्काफोल्डको प्लेटफर्म माथि कतिवटा लेजरहरू (ledgers) खडा गरिनुपर्छ ?

(a) 1
(b) 2
(c) 3
(d) 4

3. तल दिइएका शब्दावलीहरू मध्ये कुन चाहीं बाँसको स्काफोल्डमा भर्टिकल (vertical) मेम्बर हो ?

(a) राकेर (raker)
(b) ब्रेस (brace)
(c) पोस्ट (post)
(d) लेजर (ledger)

4. दुइवटा तहहरूको बीचमा ट्रान्जम फिक्स गर्न न्यूनतम कति पटक गाँठो बाँधिनुपर्छ ?

(a) 2
(b) 3
(c) 4
(d) 5

5. स्काफोल्डको भित्रि मुभमेन्ट (inward movement) रोक्नको लागि कुन मेम्बर (member) खडा गरिन्छ ?

(a) प्लान ब्रेस (plan brace)
(b) ट्रान्जम (transom)
(c) प्राप (prop)
(d) लेजर (ledger)

6. स्काफोल्डको ब्रेसिङ खडा गर्दा निम्न कोण भन्दा बढी हुनुहुँदैन:

(a) हरिजोन्टल लेभलबाट $45^0$
(b) हरिजोन्टल लेभलबाट $60^0$
(c) हरिजोन्टल लेभलबाट $70^0$
(d) हरिजोन्टल लेभलबाट $90^0$

7. बाँसको स्काफोल्ड बनाउनुको उद्देश्य के हो ?

(a) अरू ट्रेडहरूका कामदारहरूको सुरक्षा सुनिश्चित गर्न
(b) अरू ट्रेडहरूका कामदारहरूको कामलाई सहजीकरण गर्न
(c) पैदल यात्रीहरूको सुरक्षा सुनिश्चित गर्न
(d) माथिका सबै

8. एउटा वर्करले अर्को वर्करलाई बाँसको पोलहरू पास गर्दै गर्दा पोल प्राप्त गर्ने स्काफोल्डरले:

(a) आफ्नो साथीलाई बाँस छोड्न जानकारी गराएर पोललाई तान्नुपर्छ
(b) आफ्नो साथीलाई बाँस छोड्न जानकारी गराएर पोललाई धकेल्नुपर्छ
(c) आफ्नो साथीलाई बाँस छोड्न जानकारी गराएर पोललाई घुमाउनुपर्छ
(d) आफ्नो साथीलाई बाँस छोड्न जानकारी गराएर पोललाई बेर्नुपर्छ

9. बाँसका पोलहरू उल्टो हुँदा (बाँसको हेड (मोटो भाग) माथि रहँदा) यसको अर्थ यो स्काफोल्ड:

(a) प्रयोग गर्न सुरक्षित छ
(b) काम सकिएको छ र अब त्यस माथि थप बाँस खडा गर्नु पर्दैन
(c) जाँच नगरिएको
(d) मर्मत हुँदै गरेको

10. वर्किङ प्लेटफर्मसँगै रहेको टो-बोर्डको उचाइ निम्नभन्दा कम हुनुहुँदैन:

(a) 125 mm
(b) 150 mm
(c) 200 mm
(d) 250 mm

11. टुल बक्स टक्स को उद्देश्य:

(a) कामदारहरूलाई सफ्ट ड्रिंक्स उपलब्ध गराउनु हो
(b) कामदारहरूको ब्रेक (विश्राम) को समय निर्धारण गराउनु हो
(c) कार्यप्रगतिको रिपोर्ट बनाउनु हो
(d) कामदारहरूलाई सुरक्षा अभ्यासहरू (सेफ्टी प्राक्टिसेस्) को बारेमा संक्षिप्तमा बताउनु हो

12. “बाँसको स्काफोल्डिङ सुरक्षाको लागि अभ्यास संहिता अनुसार तालिमप्राप्त कामदारहरूले बाँसको स्काफोल्ड खडा, परिवर्तन वा डिसम्यान्टल (खोलखाल) गर्नुपर्छ; त्यसैले तालिमप्राप्त कामदारको “प्राक्टिकल अनुभव (काम गरेको अनुभव)” ले के बुझाउँछ ?

(a) स्काफोल्डिङमा 1 वर्ष वा सोभन्दा बढी समय काम गरेको
(b) स्काफोल्डिङमा 3 वर्ष वा सोभन्दा बढी समय काम गरेको
(c) स्काफोल्डिङमा 5 वर्ष वा सोभन्दा बढी समय काम गरेको
(d) स्काफोल्डिङमा 8 वर्ष वा सोभन्दा बढी समय काम गरेको

13. “बाँसको स्काफोल्डिङ सुरक्षाको लागि अभ्यास संहिता” अनुसार, डबल रो बाँसको स्काफोल्डमा रहने वर्किङ प्लेटफर्म कम्तीमा पनि कति चौडाइ भएको हुनुपर्छ?

(a) 400 mm चौडा
(b) 500 mm चौडा
(c) 600 mm चौडा
(d) 800 mm चौडा

14. स्काफोल्डलाई समय-समयमा (periodically) चेकजाँच गरिरहनुपर्छ। समय-समयमा भन्नाले के बुझिन्छ ?

(a) 7 दिनभन्दा बढी नहुनेगरी नियमित अन्तरालमा
(b) 14 दिनभन्दा बढी नहुनेगरी नियमित अन्तरालमा
(c) 21 दिनभन्दा बढी नहुनेगरी नियमित अन्तरालमा
(d) 30 दिनभन्दा बढी नहुनेगरी नियमित अन्तरालमा

15. बाँसको स्काफोल्डिङ सुरक्षाको लागि अभ्यास संहिता (Code of Practice for Bamboo Scaffolding Safety)” लाई कसले जारी गर्छ ?

(a) बिल्डिङ्स डिपार्टमेन्ट
(b) लेबर डिपार्टमेन्ट
(c) हाउजिङ डिपार्टमेन्ट
(d) फायर सर्भिसेस् डिपार्टमेन्ट

16. स्काफोल्ड डिसम्यान्टल (खोलखाल) को काम हुने एरियामा काम सुरु हुनुभन्दा पहिला मानिसहरूलाई छिर्न नदिनको लागि के गर्न जरूरी हुन्छ ?

(a) कामले असर गर्ने एरियाको बार, भित्ता तथा आसपासमा चेतावनी वा सावाधानीका सूचनाहरू टाँस्ने र त्यस एरियालाई घेरबार गर्ने
(b) सेफ्टी अफिसरद्वारा स्काफ्फोल्डिङ्को चेकजाँच गर्ने
(c) सेफ्टी हार्नेस र सेफ्टी हेलमेट लगाउने
(d) फर्म 5 मा स्काफोल्ड सुरक्षित अवस्थामा छ भनेर रिपोर्ट गर्ने

17. बाँसको स्काफोल्डिङमा निम्न मध्ये कुन सामाग्री साधारणतया प्रयोग गरिदैन ?

(a) कप्लर (Coupler)
(b) स्ट्रिप (Strip)
(c) तार (Wire)
(d) जिंक शिट (Zinc sheet)

18. "फर्म 5" लाई कसलाई वा कुन ठाउँमा बुझाउनुपर्छ ?

(a) सेफ्टी अफिसर (सुरक्षा अधिकारी)
(b) लेबर डिपार्टमेन्ट
(c) बिल्डिङ्स डिपार्टमेन्ट
(d) सम्बन्धित् ठेकेदार (contractor concerned)

19. स्लोपिङ क्याच-फ्यान ले कम्तीमा पनि निम्न हरिजोन्टल प्रोजेक्सन कभरेज दिनुपर्छ:

(a) 1200 mm
(b) 1500 mm
(c) 1800 mm
(d) 2000 mm

20. ध्वनि नियन्त्रण कानून अनुसार, तोकिएको ठाउँ वा एरियामा साधारण निर्माणसम्बन्धी काम गर्न निश्चित समयको लागि प्रतिबन्ध गरिएको हुन्छ । बाँसको स्काफोल्डिङको काम कुन समयभित्र गरिसक्नुपर्छ ?

(a) बिहान 7:00 बजे – बेलुका 5:00 बजे
(b) बिहान 7:00 बजे – बेलुका 7:00 बजे
(c) बिहान 7:00 बजे – बेलुका 9:00 बजे
(d) बिहान 7:00 बजे – बेलुका 11:00 बजे